क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः ७६, २०८२ भदौ १३ गते शुक्रबार (29 Aug., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु ।
❖विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
❖व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
❖सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
❖सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
❖खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं,
❖फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
❖ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
❖आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौं,
❖खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# छाउगोठ छाड्दा लाञ्छना, बस्दा यातना

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १२ भदौ**

मेल्लेख गाउँपालिका-५ कुस्कोटको अलानी गाउँकी १५ वर्षीया सुस्मिता नेपाली सिधा उभिन पनि नमिल्ने ढुंगाले छाएको, चुहिने छाउगोठमा हरेक महिना ६ दिन बस्छिन्। उनी बस्ने छाउगोठको ढोका सानो छ। चुकुल र झ्याल नभएको छाउगोठमा बर्खा झरी र हिउँदको शीत छल्न आगो पनि बाल्छिन् । एक जना पनि सहजै बस्न नमिल्ने छाउगोठमा धेरै जना महिनावारी भएका बेला ५ जनासम्म सुत्ने गरेको उनी बताउँछिन् ।



करिब ५ वर्ष अगाडि गृह मन्त्रालयको निर्देशनमा जिल्ला प्रशासन, प्रहरी र स्थानीय जनप्रतिनिधिले सुस्मिताको छाउगोठ पनि भत्काइ दिए । त्यो बेला उनकी आमा थेबा नेपाली र फुपूहरू घरकै एक कोठामा बसे । महिनावारीका बेला घरमा बस्दा देउता रिसाएर अनिष्ट भएको भन्दै फेरि छाउगोठ बनाइयो । धेरै पटक महिना वारी भएका बेला अनिँदो बसेको सुस्मिता बताउँछिन् । 'कुनै बेला आमा, फुपू, दिदीहरू सँगै महिनावारी हुन्छौं । त्यति बेला सुत्ने ठाउँ नभएर अनिँदो बस्नुपर्छ । कहिलेकाहीं गोठमा एक्लै हुँदा डर लाग्छ,' सुस्मिता भन्छिन्, 'रक्सी खाएर मातेकाहरूले पहिले पनि छाउगोठमा बसेका दिदीहरूलाई दुःख दिन्थे । अहिले पनि रातिको समयमा त्यस्तै डर लाग्छ ।' महिनावारी भएको ६ दिनसम्म सुत्न, खान, शौचालय जान गाह्रो हुने गरेको उनले बताइन् । 'कति रात डरले रोएरै बित्ने गरेका छन् । देउताको डर देखाएर घरमा बस्न दिँदैनन्,' सुस्मिता भन्छिन्, 'छाउगोठमा निसासिएर, सर्पले टोकेर, कठ्यांग्रिएर मरेका समाचार सुन्दा झन् धेरै डर लाग्छ । छाउगोठमा बलात्कार भएका समाचार सुन्दा मन आतिन्छ । तर हाम्रो पीडा कसैले बुझ्दैनन् ।'

मेल्लेख गाउँपालिका–५ रोकाया गाउँकी १३ वर्षीया सुप्रिया उपाध्याय पनि महिनावारी भएको समयमा छाउगोठमा बस्छिन् । उनका बुबाआमा रोजगारीको सिलसिलामा भारतमा छन् । उनका दाइ र बहिनी पनि भारतमा आमाबुबासँगै बस्छन् । यहाँ भने सुप्रिया र उनकी बज्यै मात्रै छन् । महिनावारी भएका बेला बज्यैले घरको आँगनसम्म पनि आउन नदिने भएपछि हरेक महिना सुप्रियालाई तनाव हुन्छ । 'बज्यैले महिनावारी भएका बेला आँगनमा पनि टेक्न दिनु हुन्न । कहीँकतै छोइहाल्यो भने पनि गाली गर्नुहुन्छ । मेरो कुरा बुझ्नु नै हुन्न,' सुप्रिया भन्छिन्, 'महिनावारी भएको बेला पेट दुख्छ । त्यसको पीडा छुट्टै छ । खुट्टा तन्काएर सुत्न नमिल्ने, श्वास फेर्न गाह्रो हुने गोठमा हरेक महिना याताना सहनुपर्छ ।' उनी जनता नमुना मावि मेल्लेखमा कक्षा ९ मा पढ्छिन् ।

महिनावारी सुरु भएर छाउगोठमा बस्न थालेदेखि आफ्नो पढाइ पनि कमजोर हुँदै गएको सुप्रिया बताउँछिन् । 'रातभरि छाउगोठमा डर, त्रास र यातना सहनुपर्छ । भोलिपल्ट स्कुल जाँदा पनि राति फेरि त्यही छाउगोठमा बस्नुपर्ने त हो भन्ने कुरा मनमा आइरहन्छ,' उनले भनिन्, 'गाउँमा सबै छाउगोठमा बस्छन् । सम्झाउने कोही पनि छैन ।' अछामको दुर्गम गाउँकी एक १५ वर्षीया किशोरीले तीन वर्ष छाउगोठमा बसेपछि घरमा नै बस्ने भन्दै विद्रोह गरिन् । त्यसपछि उनको जीवनमा ठूलो संकट आइलाग्यो । मेल्लेख–५ विन्देवासिनी खिमाडा टोलकी १८ वर्षीया मनीषा साउदले महिनावारी भएकै समयमा समाजका मान्छेबाट विभिन्न आरोप सहनुपर्‍यो । उनी १३ वर्षको उमेरमा पहिलो पटक महिनावारी भइन् । गाउँमा सबै महिला तथा किशोरी महिनावारीको समयमा छाउगोठमा बस्ने देखेकी मनीषा सहजै गोठमा बस्न तयार भइन् ।

त्यहीँबेला उनी गैरसरकारी संस्था आस्था नेपाल र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वर्ल्ड भिजनको साझेदारीमा सञ्चालित बाल संरक्षण तथा बाल स्पोन्सरसिप परियोजनाले सञ्चालन गरेको रूपान्तरण कक्षामा सहभागी भइन् । उक्त कक्षामा सहभागी भएपछि महिनावारी भएको समयमा छाउगोठमा बस्न नहुने कुरा थाहा पाइन् । छाउगोठमा बस्दा असहजता र अप्ठ्यारोले उनलाई पीर परिरहेका बेला विद्रोह गर्ने चेत रूपान्तरण कक्षाले दियो । त्यसपछि उनी महिनावारीको समयमा कसैलाई नभनी घरमा बस्न थालिन् । 'रूपान्तरण कक्षामा सहभागी भइसकेपछि महिनावारी भएको समयमा छाउगोठमा बस्न नहुने कुरा थाहा पाएँ । हरेक महिना ६ दिनसम्म छाउगोठमा बस्दा धेरै गाह्रो महसुस भइरहेको थियो,' मनीषाले भनिन्, 'महिनावारी हुनु भनेको नियमित प्राकृतिक प्रक्रिया हो । त्यो समयमा बग्ने रगत अशुद्ध र अपवित्र होइन भन्ने थाहा पाएँ अनि घरमा बस्न थालें ।'

कसैलाई थाहा नदिई महिनावारीको समयमा घरमा बस्न थालेपछि उनका आफन्तले उनलाई किन महिनावारी भएन भनेर सोधखोज गर्न थाले । महिनावारी नियमित प्रक्रिया हो र सबैलाई भनिराख्न आवश्यक छैन भन्ने बुझेकी मनीषालाई समाजले विभिन्न किसिमका आरोप लगाउन थाल्यो । उनी महिनावारी नभएको र छाउगोठमा नबसेको कुरा गाउँमा छलफलको विषय हुन थाल्यो । 'अहिलेसम्म किन महिनावारी भएन ? छाउगोठमा बसेको देखिँदैन । कोसँग यसको अनैतिक सम्बन्ध छ , पत्ता लगाउनुपर्छ भनेर गाउँका सबै एकजुट भए,' मनीषाले ती दिन सम्झँदै भनिन्, । समाजको डरले उनी फेरि छाउगोठमा बस्न थालिन् । हरेक महिनाको ६ दिन छाउगोठमा बसेको समाजले थाहा पाउने भएपछि उनलाई आरोप लगाउने क्रम केही समयसम्म रोकियो ।

गत चैतमा मेल्लेख गाउँपालिकास्तरीय बाल सञ्जाल गठन हुने सूचना पाएपछि मनीषा त्यहाँ पुगिन् । बालबालिकाका सवालमा बलियो ढंगले बोल्न सक्ने उनी पालिकास्तरीय बाल सञ्जालकी अध्यक्ष भइन् । त्यतिबेलासम्म उनी महिनावारीको समयमा छाउगोठमा बस्थिन् । पालिकास्तरीय बाल सञ्जालको अध्यक्ष भएपछि उनीमाथि जिम्मेवारी थपियो । उनले फेरि विद्रोह आफैंबाट सुरु गरिन् । बाल सञ्जालको अध्यक्ष भएपछि उनी फेरि महिनावारीको समयमा घरमा बस्न थालेकी छन् । 'बालबालिकाको सवालमा नेतृत्व गर्न सक्छे भन्ने विश्वास सबैले गरेपछि मैले पनि आँट गरें,' मनीषा भन्छिन्, 'आफैं बाल सञ्जालको अध्यक्ष हुने, आफैं महिनावारी भएका बेला छाउगोठमा बस्नु हुँदैन भन्ने सोच आयो । अहिले म घरमै बस्छु । जसले जे जे आरोप लगाए पनि अब मलाई केही फरक पर्दैन । तर मलाई अझै आरोप लगाइरहन्छन् ।'

छाउगोठ भत्काउने अभियान सञ्चालन भएका बेला केही हदसम्म छाउपडी प्रथा कम भएजस्तो देखिए पनि टोलटोलमा गएर बुझ्दा अवस्थामा सुधार नभएको मेल्लेख गाउँपालिकाका अध्यक्ष ज्वालासिंह साउदले बताए । उनका अनुसार छाउपडी प्रथा व्याप्त रहेको मेल्लेख–४ कुस्कोटबाट बिहीबारदेखि टोलटोलमा सचेतना जगाउने अभियान सञ्चालन भइरहेको छ । कुस्कोटमा ८ सय १५ घरधुरी र हेकामा करिब ३ सय छाउगोठ छन् । यीमध्ये धेरै गोठ सामूहिक भएको गाउँपालिका अध्यक्ष साउदले बताए । प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायतको टोलीले वडामा पुगेर अभियानमा सहजीकरण गरेको उनले बताए । वडामा गठन भएको कार्यान्वयन समितिले प्रत्येक टोलमा गएर धामीझाँक्री र अगुवासँग छलफल गर्दै सचेतनाको काम गर्ने उनले बताए ।

'अभियान चलेका बेला सरकारमा भएकाहरूले हामीले गर्‍यौं भनेर जस लिनका लागि होडबाजी मात्रै गर्छन् । विकट र दुर्गम बस्तीहरूमा समस्या उस्तै छ,' अध्यक्ष साउदले भने, 'धेरै पटक अभियान चले, तर निरन्तरता कहिल्यै भएन । यसले गर्दा समस्या झन् बल्झेको छ । कुस्कोट लगायतका केही वडामा छाउगोठको संख्या धेरै भएको जानकारी आएको छ । अब ८ वटै वडामा चरणबद्ध अभियान सञ्चालन गर्छौं ।' सबै वडामा पहिलो चरणमा सचेतनामूलक अभियानका लागि ३ लाख रुपैयाँ विनियोजन गरिएको र थप बजेट व्यवस्था गर्ने उनले बताए ।

## कञ्चनपुरमा १५० छाउगोठ भत्काइए, दोमिल्ला क्षेत्रमा मात्रै ८४ छाउगोठ

कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ दोमिल्लामा असार अन्तिम साता छाउगोठमा सुतेका बेला सर्पदंशबाट एक महिलाको मृत्यु भएपछि नगरपालिकाले भोलिपल्टैदेखि उक्त क्षेत्रका छाउगोठ भत्काउन अभियान नै चलायो । यसमा स्थानीयले पनि सहयोग गरे । हालसम्म दोमिल्ला क्षेत्रमा मात्रै ८४ वटा छाउगोठ भत्काइएको वडा १ का अध्यक्ष मोहन बस्नेतले बताए । उनका अनुसार सोही वडाको कुमगडा र गोजे भन्ने ठाउँका छाउगोठ भत्काउन भने बाँकी नै छ । कुमगडामा गत वर्ष पनि केही छाउगोठ भत्काइए पनि स्थानीयको अवरोधपछि रोकिएको थियो । 'अब केही दिनमै उक्त क्षेत्रका छाउगोठ भत्काएर अभियानको समापन गर्ने योजना पनि छ,' अध्यक्ष बस्नेतले भने ।

असार अन्तिम साता छाउपडी गोठमा सुतेकी कमला आउजीको सर्पदंशबाट मृत्यु भएको थियो । छाउगोठमै सुतेका बेला सर्पले डसेपछि उनलाई उपचारका लागि धनगढीस्थित सेती प्रादेशिक अस्पताल पुर्‍याइए पनि मृत्यु भएको थियो । आउजीको मृत्युपछि कृष्णपुर नगरपालिकाले १५ दिनभित्र छाउगोठ भत्काउन वडा कार्यालयहरूलाई निर्देशन दिएको थियो । १५ दिनभित्र छाउगोठ नभत्काइए कानुनी कारबाहीसँगै १० हजार जरि वाना गर्ने चेतावनीसमेत दिइएको थियो । घटना लगत्तै प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले पनि सबै स्थानीय तहलाई छाउगोठ भत्काउन पत्राचार गरेका थिए ।

नगरपालिकाले छाउगोठ भत्काए पनि कतिपय महिलाले घरभित्रै बस्न सकिने अवस्था नरहेको बताइरहेका छन् । 'केही ठाउँमा छाउगोठ भत्काउन अवरोध पनि भयो,' वडाध्यक्ष बस्नेतले भने, 'तर अहिले दोमिल्ला क्षेत्रमा सबै छाउगोठ भत्केका छन् ।' उनले पनि केही महिलाहरू महिनावारी भएका बेला घरभित्र बस्न नसकेर पाल टाँगेरै बसिरहेको हुन सक्ने बताए ।

जिल्ला प्रहरी कार्यालयका अनुसार साउनदेखि हालसम्म कृष्णपुर र वेदकोट नगरपालिकामा गरी १ सय ५० छाउगोठ भत्काइएका छन् । डीएसपी सागर बोहराका अनुसार साउनमा ९२ र भदौमा ५८ छाउगोठ भत्काइएका हुन् । 'अहिले पनि छाउगोठ भत्काउने अभियान जारी छ,' डीएसपी बोहराले भने, 'अन्य क्षेत्रमा छाउगोठ कम छन्, धेरै भएको क्षेत्रमा भत्काइसकेका छौं ।' उनले छाउगोठ भत्काउनुका साथै सचेतना अभियान पनि चलिरहेको बताए ।

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. गणेश बी. एल.
M.Ch. (Neurosurgery)
(DELHI AIIMS)
वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)
क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?
खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. योगेश नागेंदर
M.B.B.S., MD, DM
(Cardiology)
वरिष्ठ हृदय रोग विशेषज्ञ 14 वर्षों का अनुभव
एंजियोग्राफी
पेसमेटर
एंजियोप्लास्टी
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी.एस.डी. कैंटीन (पुराना सरकारी हॉस्पिटल) के सामने सितारगंज रोड खटीमा-उत्तराखण्ड
वरिष्ठ महिला रोग विशेषज्ञ
(OBS & GYNAE)
गर्भवती महिलाओं की नियमित जांच एवं परामर्श
नॉर्मल एवं सीजेरियन डिलेवरी
हाई रिस्क प्रेगनेंसी
समय से पूर्व डिलीवरी
बच्चेदानी का ऑपरेशन एवं महिला रोग से संबंधित समस्त उपचार
परामर्श का समय प्रतिदिन सुबह 10:00 से शाम 5:00 बजे तक
संपर्क सूत्र 9410340585, 9675533333 Email : chhabra1967@gmail.com

कञ्चनपुर निर्माण व्यवसायी संघमा नेतृत्वका लागि लडाई

# भट्ट र अवस्थीबिच पुनः प्रतिस्पर्धा

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १२ भदौ**

निर्माण व्यवसायी संघ कञ्चनपुरको भदौ २१ गते हुने १५ औं निर्वाचनबाट नेतृत्व लिन वर्तमान अध्यक्ष निरञ्जन प्रसाद भट्ट र पूर्व वरिष्ठ उपाध्यक्ष पुष्पराज अवस्थी प्यानल बनाएर चुनावी मैदानमा होमिएका छन् ।

यस अघि १४ औं अधिवेशनमा अध्यक्ष भट्ट र अवस्थीबीच अध्यक्षमा प्रतिस्पर्धा भएका थियो । तीन वर्षपछि फेरि भट्ट र अवस्थी नेतृत्वका प्रतिस्पर्धी भएका छन् । अध्यक्ष भट्ट १५ औं अधिवेशनबाट निर्वाचित भएर फेरि नेतृत्वमा दोहोरिने चाहना राखेका छन् । उनका प्रतिस्पर्धी अवस्थी अघिल्लो निर्वाचनको हारको बदला १५ औं अधिवेशनबाट लिएर नेतृत्व लिने दाउमा अघि बढेका छन् । भट्टले पत्रकार सम्मेलन गरी चुनावी प्यानल घोषणा गरिसकेका छन् । १४ औं अधिवेशनमा साथ दिएका संघका पूर्व अध्यक्ष अहिले पनि भट्टको प्यानल घोषणा कार्यक्रममा सहभागी भए ।

अध्यक्षका अर्का उम्मेदवार अवस्थीले अझै प्यानल घोषणा गरेका छैनन् । उनी प्यानल घोषणलाई थाती राखी मतदाताको घरदैलो पुगेका छन् । भट्ट प्यानलबाट वरिष्ठ उपाध्यक्षमा देब बहादुर चन्द उम्मेदवार छन् । १४ औं अविधेशनबाट उनी उपाध्यक्षमा निर्वाचित भएका हुन् । उनका प्रतिद्वन्द्वी अवस्थी प्यानलबाट अमर बहादुर बम छन् । चन्द बेदकोट र बम दोधारा चाँदनीका वासिन्दा हुन् । १४ औं अधिवेशनबाट वरिष्ठ उपाध्यक्ष निर्वाचित राजेन्द्र बहादुर चन्द चुनावी मैदान बाहिर छन् । उनी भट्ट प्यानलबाट वरिष्ठ निर्वाचित भएका थिए ।

संघको उपाध्यक्ष दिपक भट्ट र यज्ञराज बैज चुनावी मैदानमा छन् । उनीहरु दुबै संघको वर्तमान समितिका पदाधिकारी हुन् । १४ औं अधिवेशनबाट भट्ट कोषाध्यक्ष र बैज सह-कोषाध्यक्ष निर्वाचित भएका थिए । भट्ट निरञ्जन प्रसाद भट्ट र बैज अवस्थी प्यानलबाट निर्वाचित भएका हुन् । अहिले उनीहरु साविक प्यालनबाट उपाध्यक्षमा प्रतिस्पर्धी छन् ।

१४ औं अधिवेशनमा भट्टले अवस्थी प्यानलका तेज बहादुर चन्द र सह-कोषाध्यक्ष बैजले भट्ट प्यानलका विष्णु बहादुर सिहलाई पराजित गरेका थिए । अहिले अवस्थी प्यानलका उम्मेदवार चन्द भट्ट प्यानलबाट कोषाध्यक्षमा चुनाव लड्न लागेका छन् ।

संघको महासचिव योगेन्द्र ठकुराठी दोहोरिने गरी चुनावी मैदानमा छन् । उनका प्रतिद्वन्द्वी देबीदत्त भट्ट छन् । ठकुराठी भट्ट प्यानल र भट्ट अवस्थी प्यानलबाट चुनाव लड्ने भएका छन् ।

भट्ट प्यानलबाट सचिवमा बृजकिशोर चन्द र अवस्थी प्यानलबाट गोर सिह ऐर चुनावी मैदानमा छन् । चन्द संघको वर्तमान कार्य समिति सदस्य हुन् । १४ औं अधिवेशनबाट उनी मनोनित सदस्य हुन् । ऐर संघका पूर्व सदस्य हुन् ।

संघको कोषाध्यक्षमा तेज बहादुर र सह-कोषाध्यक्षमा हेम बहादुर महरा भट्ट प्यानलबाट उम्मेदवार बन्ने भएका छन् । अवस्थी प्यानलबाट चित्र बहादुर कार्की चुनावी मैदानमा छन् ।

संघको वर्तमान समितिका पदाधिकारीमा व रिष्ठ उपाध्यक्ष चन्द र सचिव सूर्य बहादुर चन्द बाहेक अन्य पदाधिकारी चुनावी मैदानमा आएका छन् ।

१४ औं अधिवेशनमा सूर्य बहादुर चन्द अवस्थी प्यानलबाट सचिव निर्वाचित भएका हुन् । संघको १३ औं अधिवेशनमा एकै प्यानलमा चुनाव लडेका भट्ट र अवस्थी १४ औं बाट आ-आफ्नै प्यानल बनाएर चुनावी मैदानमा आएका हुन् ।

संघका महासचिव ठकुराठीले संघको साधारण सभा र १५ औं अधिवेशन तयारी गरिएको बताए । गृहमन्त्री रमेश लेखकले अधिवेशन उद्घाटन गर्ने कार्यक्रम बनाइएको छ । गृहमन्त्री लेखक संघका पूर्व कानुनी सल्लाहकार हुन् ।

# अध्यक्षमा उठेकै कारण मैले पार्टीबाट बाहिरिनु परेको केपीले स्वीकार गरेछन्: भीम रावल

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १२ भदौ**

प्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले अध्यक्ष हुन खोजे आफ्नोजस्तै हालत बनाइदिने धम्की दिएपछि भीम रावलले टिप्पणी गरेका छन् ।

एमाले अध्यक्ष ओलीले आसन्न पार्टीको विधान महाधिवेशनका प्रतिनिधिलाई बुधबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बोलाएर लामो प्रशिक्षण दिएका थिए। यस क्रममा ओलीले एमालेमा पूर्वराष्ट्रपति भण्डारी मात्र आफ्नो चुनौती रहेको उल्लेख गर्दै उनीविरुद्ध आक्रोश पोखेका थिए। कसैगरी भण्डारीले आगामी महाधिवेशनमा अध्यक्ष पदमा आफूसँग प्रतिस्पर्धा गरे हार्ने निश्चित रहेको दाबी गर्दै ओलीले त्यसपछि उनको हालत पनि भीम रावलको जस्तै बनाइदिने चेतावनी दिएका थिए ।

यसै विषयमा रावलले बिहीबार वक्तव्य जारी गरी ओलीलाई टक्कर दिएकै कारण आफूलाई एमाले पार्टीबाट निकालिएको पुष्टि भएको उल्लेख गरेका हुन् । '(बुधबार साँझको प्रशिक्षण) भेलामा आफूलाई पार्टीको अपरिहार्य अध्यक्षको रूपमा प्रस्तुत गर्दै विद्या भण्डारीलाई 'अनुभवहीन' र 'लालगेडी'जस्ता होच्याउने विशेषण प्रयोग गरी आलोचना गरिएछ । महाधिवेशनमा प्रतिस्पर्धा गरे पराजित हुने घोषणा गरिनुका साथै पार्टीमा अध्यक्ष हुने प्रयास गरिएमा 'भीम रावलको जस्तो हालत हुने धम्की समेत दिइएछ', रावलले लेखेका छन्, 'यसबाट केपी ओलीको असीमित सत्ता लिप्सा, निरङ्कुश र तानाशाही चरित्र पुनः छर्लङ्ग हुँदैन र ? मैले जनताको बहुदलीय जनवादको मान्यताअनुरूप दसौं महाधिवेशनमा विधि र प्रणालीअनुसार काम र सबै प्रतिनिधिहरूलाई चाहेको पदमा प्रतिस्पर्धा गर्न दिनुपर्छ भन्ने मान्यतामा दृढतापूर्वक उभिएर अध्यक्ष पदमा उम्मेदवारी दिएको थिएँ । त्यसरी उम्मेदवारी दिएको तथा धारणा र विचार उक्त मान्यताअनुरूप राखेको कारणले नै मलाई कथित स्पष्टीकरण सोधिएको र मैले पार्टीबाट बाहिरिनु परेको तथ्य स्वयं केपीबाट नै बालुवाटारमा स्वीकार गरिएको छ । यसबाट मैले सिद्धान्त, विधि र प्रणालीको पक्षमा उभिएर पार्टी सुमार्गमा जानुपर्छ भन्दा त्यसलाई व्यक्तिगत स्वार्थ र झगडाको रूपमा लिनेहरूले केपी ओलीका उक्त भनाइबाट पार्टी र देशको दीर्घकालीन हितमा केन्द्रित मेरा धारणा, विचार र अडान केपीको असीमित सत्ता लिप्सा र अहमको कारण सह्य र स्वीकार्य नभएको सत्य, तथ्य अब त सबैलाई प्रस्ट भयो होला नि? सत्ता स्वार्थको लागि जस्तोसुकै मित्र र पक्षधर माथि पनि छुरी चलाउन केपी ओली उद्यत हुनसक्ने यथार्थ छर्लङ्ग भयो होला नि ?'

२०७८ मंसिरमा भएको एमालेको दसौँ महाधिवेशनमा रावल अध्यक्ष पदमा उठेका थिए । तर उनी ओलीसँग हारेका थिए । विजयी ओलीले १८३७ मत ल्याउँदा रावलका पक्षमा २२३ मत मात्र परेका थिए । ओलीलाई सर्वसम्मत अध्यक्ष बनाउन जति मनाउने प्रयास गरिए पनि रावल नमानेर अध्यक्षमा उठेका थिए ।

त्यसो त अध्यक्षमा हारे पनि रावल केन्द्रीय सदस्य पदमा विजयी भएका थिए । तर उनले उक्त पद अस्वीकार गर्दै शपथ खान मानेनन् ।

त्यसयता रावल ओलीको आँखाको तारो बनेका थिए । मूलतः अध्यक्ष ओलीकै ज्यादा आलोचना गरेका कारण रावल २०८१ पुस १० गते साधारण सदस्यसमेत नरहने गरी एमालेबाट निकालिएका थिए । यसपछि उनले 'मातृभूमि जागरण अभियाान' घोषणा गरे । तर हाल यो सक्रिय देखिएको छैन ।


## सुदूरपश्चिम विश्वविद्यालय
केन्द्रीय कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

**स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।**

**(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०४/१५)**

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरण: २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालन: २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रम: २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भ: २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षा: २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमश: २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार



## निर्माण व्यवसायी संघ कञ्चनपुर

**२८ औं वार्षिक सारा सभाको कार्यक्रम सम्बन्धि सूचनाको समय संशोधन गरिएको बारे**

**निर्माण व्यवसायी संघ कञ्चनपुरको २८ औं वार्षिक साधारण सभाको कार्यक्रम तपशिलको मिति, समय र स्थानमा हुने व्यहोरा यस संघका सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारीका लागि अनुरोध गरिन्छ ।**

**कार्यक्रम**

**मिति** :– २०८२ भदौ २० गते शुक्रबार **समय** : चियापान बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म
उद्घाटन समारोह : –९:०० बजे **स्थान** : –ममताज पार्टी प्यालेश, भीनपा ३ कञ्चनपुर



## आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

**डा. भावेश**
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in
Echocardiology Fellowship in
Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
***प्रत्येक दिन***

**डा. कुलदिप**
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
***प्रत्येक दिन***




**आनन्द चिल्ड्रन हॉस्पिटल**
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
**डा. रेनुका यादव**
MBBS, MD (Paediatric)
- कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
- अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
- एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
- मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और बजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज

आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु **कैशलेस (निःशुल्क) उपचार** व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585 24 घण्टे

**डा. अभिनव कुमार कटियार**
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, ररौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
***प्रत्येक मंगलबार***

**डा. योगेश नागेंदर**
MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

**डा. गणेश बी. एल.**
M.Ch (Neurosurgery)DELHI
AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**

***सुविधाहरू***: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।
***आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र*** Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।***

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**
**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**

### *जन्मदिन रमाइलो गर्न साथीसँग गएका थिए जुम्ल्याहा दाजुभाइ*

# डुबेर गुमाए चार किशोरले ज्यान

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १२ भदौ**

कैलालीमा खोलामा नुहाउन गएका ४ जना किशोरको मृत्यु भएको छ । गोदावरी नगरपालिका-९ को खुटिया खोलामा नुहाउन गएका ४ किशोरको डुबेर ज्यान गएको हो ।

खोलामा ७ जना गएको भए पनि ३ जना भने पौडिएर निस्किएको प्रहरीले जनाएको छ। मृतकमध्ये २ जना धनगढी उपमहानगरपालिका-५ तारानगर र हसनपुरका हुन् भने २ जना धनगढी उपमहानगरपालिका-४ का हुन् ।

तारानगरका १६ वर्षीय सक्षम जोशी, हसनपुरका १७ वर्षीय प्रतिक चौधरी, धनगढी उपमहानगरपालिका-४ का १७ वर्षीय जेब भण्डारी र १७ वर्षकै जाबेज भण्डारीको डुबेर मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय मालाखेतीका डीएसपी रणबहादुर चन्दका अनुसार जेब र जाबेज जुम्ल्याहा दाजुभाइ हुन् । मृतक चारै जना किशोर धनगढीको वाल्मिकी इन्टरनेसनलमा कक्षा ११ मा अध्ययरत विद्यार्थी थिए ।

मृतकको शव पोष्टमार्टमका लागि सेती प्रादेशिक अस्पतालमा राखिएको डीएसपी चन्दले बताए । उनीहरू साथीहरूको समूहमा जन्मदिन मनाउन गोदावरी नगरपालिका ९ खुटिया खोलामा पुगेका थिए । 'त्यहाँ केक पनि काटिएको छ । लुगा फुकालेर तलबाट पारि गएछन् । त्यहाँ केक काटेर केही माथिबाट उनीहरू सातै जना हात समातेर वारि लुगा भएतिर आउँदै रहेछन्,' डीएसपी चन्दले भने, '४ जना गहिरो भागमा फसे । हात फुत्किएर पौडी खेलेर ३ जनाले ज्यान जोगाए ।'



उनीहरू बिहीबार दिउँसो साढे १२ बजे बेपत्ता भएका थिए । स्थानीयवासी, प्रहरी र सशस्त्र प्रहरीको सहकार्यमा खोजी गर्दा उनीहरूको शव अपराह्न साढे ४ बजे फेला परेको हो ।

उनीहरूसँगै गएका १७ वर्षीय नवीन डडाल, १७ वर्षीय युवराज कुँवर र १७ वर्षीय आकाश मल्ल भने सकुशल छन् । घटनापछि स्थानीय शोकमा डुबेका छन्। धनगढी उपमहानगरपालिका-५ का अध्यक्ष गजेन्द्र शाहीले कलिलो उमेरका किशोर हरूको दुःखद घटना भएपछि विक्षिप्त बनाएको बताए ।

'जुम्ल्याहा दाजुभाइको एक/दुई दिनअघि जन्मदिन रहेछ । साथीहरुसँग जन्मदिन मनाउन नपाएकाले रमाइलो गर्न खानेकुरा बोकेर आज त्यहाँ गएका थिए,' उनले भने, 'दुर्भाग्य त्यस्तो दुःख खबर सुन्नुपर्‍यो ।'

धनगढी उपमहानगरपालिका-४ की वडा सदस्य मायाकुमारी भण्डारीका अनुसार वाल्मिकी इन्टरनेसनल स्कुलमा अध्ययन गर्ने उनीहरू स्कुलले बिदा दिएपछि साथीहरूसँग रमाइलो गर्न खुटिया गएका थिए ।

मृतक जुम्ल्याहा दाजुभाइको परिवारमा ४ जना मात्रै थिए । जुम्ल्याहा दाजुभाइले डुबेर ज्यान गुमाएपछि आमाबुवा विक्षिप्त छन् ।

जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

## नयाँ विद्यार्थी भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

**तपशिल**

Management 4 years
-Finance
-Accountancy
-Management

Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

**हाम्रा विशेषताहरु**
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाइने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**
BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



*विस्तृत जानकारीका लागि सम्पर्क*
**जनज्योति बहुमुखी क्याम्पस**
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३

# मेगा बचत तथा ऋण सहकारी संस्था

**प्रधान कार्यालय -महेन्द्रनगर, कञ्चनपुर**

## १२ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस मेगा बचत तथा ऋण सहकारी संस्था लि. महेन्द्रनगरको सञ्चालक समितिको मिति २०८२ साउन १५ गते बिहीबार बसेको १७४ औं बैठकको निर्णय अनुसार संस्थाको १२ औं वार्षिक साधारण सभा तथा निर्वाचन गर्नु पर्ने भएकाले उल्लेखित प्रस्तावमाथि छलफल गरी निर्णय गर्न तपशिलमा उल्लेखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई तपशिलको मिति, समय र स्थानमा अनिवार्य उपस्थित जनाई दिन हन यसै सूचना मार्फत हार्दिक अनुरोध गरिन्छ ।

**१२ औं वार्षिक साधारण सभा सञ्चालक समितिको तर्फबाट एजेण्डाहरू**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम छलफल गरी पारित गर्ने सम्बन्धमा
(२) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षबाट प्रस्तुत आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को वार्षिक बजेट सम्बन्धमा
(३) लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत २०८१/०८२ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा
(४) बाह्य लेखा परीक्षकको आ.व. २०८१/०८२ को बाह्य लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा
(५) आ.व. २०८२/०८३ का लागि बाह्य लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा
(६) आ.व. २०८२/०८३ को कोष हिसाब खर्च मिलान सम्बन्धमा
(७) निर्णय प्रमाणीकरणका लागि प्रतिनिधि छनौट गर्ने सम्बन्धमा
(८) बाह्य दायित्व स्वीकार गर्ने सम्बन्धमा
(९) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति निर्वाचन सम्बन्धमा
(१०) कुनै निकायले प्रदान गर्ने ब्यान अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धका
(११) अचल सम्पत्ति खरिद तथा बिक्री गर्ने सम्बन्धमा
(१२) संस्था एकीकरण सम्बन्धि निर्णय गर्ने सम्बन्धमा
(१३) गत आ.व. २०८१/०८२ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने तथा आगामी वर्षका लागि अख्तियारी प्रदान गर्ने सम्बन्धमा
(१४) धन्यवाद ज्ञापन सम्बन्धमा

**इकाईगत रूपमा हुने साधारण सभाहरू**

(क) इकाई १ –बेलौरी, धनगढी सेवा केन्द्र
मिति : २०८२ भदौ १८ गते बुधबार
समय : बिहान १० बजेदेखि
स्थान : बेलौरी नगरपालिकाको सभा कक्ष

(ख) इकाई २– दोधारा चाँदनी ब्रह्मदेब सेवा केन्द्र
मिति : २०८२ भदौ १८ गते बुधबार
समय : बिहान १० बजेदेखि
स्थान : सिद्धनाथ मन्दिर सभा हल ब्रह्मदेब

(ग) इकाई ३– महेन्द्रनगर दैजी सेवा केन्द्र
मिति : २०८२ भदौ १९ गते बिहीबार
समय : बिहान १० बजेदेखि
स्थान : कञ्चनपुर उद्योग बाणिज्य संघको सभा कक्ष

**निर्णय प्रमाणीकरणका लागि हुने साधारण सभा**
मिति : २०८२ भदौ २० गते शुक्रबार
समय : बिहान १० बजेदेखि
स्थान : संस्थाको सभा हल, महेन्द्रनगर

सञ्चालक समितिको आज्ञाले
सचिव

## आनन्द चिल्ड्रन हॉस्पिटल

सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा

**बाल रोग विशेषज्ञ**

## डा. रेनुका यादव

MBBS, MD (Paediatric)

Manda Printers KTM #9917323456

- कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
- अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
- एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
- मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज

आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु **कैशलेस (निःशुल्क) उपचार** व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।

Cont.: 05943-250400, 252700, 9675533333, 9410340585
website: www.anandhospital.org, Email: info@anandhospital.org, chhabra1967@gmail.com
24 घण्टे आपातकालीन सुविधा

## सुदूरपश्चिम विश्वविद्यालय

**केन्द्रीय क्याम्पस**

# शिक्षाशास्त्र केन्द्रीय विभाग

**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदुरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिलः**

| क.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

**नोटः**

- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैंक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

**आवश्यक प्रमाणपत्रहरुः**

- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

**विभागीय प्रमुख**

## छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।

**हाम्रा उत्पादनहरू**
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

**सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग**
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

